

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १६४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असार १२ गते मंगलबार ❑ 27 Jun 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## असारभित्रै बूढीगण्डकी आयोजनाको शिलान्यास हुन्छ : प्रधानमन्त्री प्रचण्ड

**रासस**
काठमाडौं, ११ असार

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बूढीगण्डकी जलविद्युत् आयोजनाको यही असारभित्रै शिलान्यास गर्ने तयारी भइरहेको बताउनुभएको छ।

उक्त आयोजनाको निर्माण प्रक्रिया अगाडि बढाउने विषयमा पटक-पटक प्रतिबद्धता जनाएको स्मरण गर्दै प्रधानमन्त्री प्रचण्डले आयोजनाको मोडालिटीका विषयमा सहमति भइसकेको र आवश्यक प्रक्रिया छिट्टै शुरु हुने जानकारी दिनुभयो । उहाँले आयोजनाको कार्यालय स्थापना र निर्माण प्रक्रियाको शिलान्यास असारभित्रै गरिने प्रतिबद्धता व्यक्त गर्दै भन्नुभयो, "हिजो मात्रै प्राधिकरणका कार्यकारी निर्देशकलाई एक हप्ताभित्र आयोजनाको कार्यालय स्थापना तथा शिलान्यासको व्यवस्था मिलाउन निर्देशन दिएको छु।" धादिङको गजुरीमा आदर्श बहुमुखी क्याम्पसको आज भवन समुद्घाटनका क्रममा प्रधानमन्त्री प्रचण्डले राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको बुढीगण्डकी निर्माण महत्वपूर्ण रहेको बताउनुभयो।

उहाँले आफ्नो पछिल्लो भारत भ्रमण ऐतिहासिक भएको भन्दै आगामी १० वर्षमा १० हजार मेगावाट बराबरको बिजुली खरिद गर्ने लगायत अन्य भौतिक विकास निर्माणसँग सम्बन्धित विषयमा महत्वपूर्ण सहमति भएको र त्यसले दीर्घकालीन प्रभाव पार्ने बताउनुभयो । उहाँले आगामी पाँच वर्षसम्म यही गठबन्धन रहने दाबी समेत गर्नुभयो। "अहिले यो सरकारको आयु कति ? भनेर मिडियामा हुने चल्ने गरेको छ। पाँच वर्षसम्म यो गठबन्धन केही हुनेवाला छैन, यही गठबन्धनको नेतृत्वमा देश विकासको युगतर्फ जानेछ।"

प्रधानमन्त्री प्रचण्डले १८औँ शताब्दीमा कार्ल माक्सले समाजवाद र साम्यवादको परिकल्पना गरिरहँदा दुनियाँले के भन्छ ? नसोचि तिमी आफू आफ्नो उद्देश्यमा अगाडि बढ भनेको स्मरण गर्दै दुनियाँले के भन्छ ? त्यतातिर भन्दा पनि आफ्नो ध्यान राम्रो गर्दै जानेतर्फ रहेको स्पष्ट पार्नुभयो।

भारत भ्रमणका क्रममा प्रधानमन्त्रीको हैसियतले आफूले राम्रो गरेको भएपनि नकारात्मक प्रवृति भएकाहरूले अनावश्यक विरोध गरेको प्रधानमन्त्रीको भनाइ थियो । आफूले देश र जनताको पक्षमा राम्रो गर्दै जाने बताउनुहुँदै जनतापक्षमा गरेका कामको जनताले नै फैसला गर्ने उहाँले विश्वास समेत व्यक्त गर्नुभएको छ । बाग्मती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले अनुसन्धान र खोजलाई केन्द्रित गर्ने गरी नयाँ विश्वविद्यालय स्थापनाका लागि प्रधानमन्त्री प्रचण्ड समक्ष आग्रह गर्नुभयो।

प्रतिनिधिसभा सदस्य राजेन्द्रप्रसाद पाण्डेले धादिङ जिल्लाको शैक्षिक प्रगतिका लागि यो संरचनाले महत्वपूर्ण योगदान गर्ने बताउनुभयो । धादिङबाट निर्वाचित प्रतिनिधिसभा सदस्य रामनाथ अधिकारीले सामुदायिक क्याम्पसका लागि सरकारको अनुदान कम भएकाले सञ्चालनका लागि समस्या भएको बताउनुभयो। सो भवन भारत सरकारको अनुदान सहयोगमा निर्माणमा भएको हो।

## आत्मनिर्भर प्रदेश बनाउने प्रयत्न भइरहेको छ : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
गोरखा, ११ असार



गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले जलस्रोत, कृषि, पर्यटनलगायत क्षेत्रमार्फत आत्मनिर्भर बनाउने योजना रहेको बताउनुभएको छ।

गोरखा सदरमुकाममा सोमबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा उहाँले गण्डकीभित्र आर्थिक आयआर्जनका प्रचुर सम्भावना रहेकाले योजनाबद्ध ढङ्गले प्रदेशलाई आत्मनिर्भर बनाउन लागिपरेको बताउनुभयो।

"हाम्रो प्रदेशले ऊर्जा क्षेत्रको विकासमार्फत आर्थिक समृद्धि हासिलका लागि राम्रो सम्भावना बोकेको छ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "बूढीगण्डकीदेखि लिएर कालीगण्डकीसम्म जलक्षेत्र गण्डकी प्रदेशमा पर्छ, यहाँ विद्युत् उत्पादनको प्रशस्त सम्भावना छन् ।" ऊर्जाका क्षेत्रमा राज्यले लगानी गर्नसक्ने अवस्थामा राज्य एक्लै र नसक्ने अवस्थामा निजी क्षेत्रसँग सहकार्य गरेरै भए पनि लामो समयसम्म आम्दानी गर्नसक्ने गरी काम गर्नुपर्ने मुख्यमन्त्री पाण्डेले बताउनुभयो। नवलपुरको धौबाजीमा रहेको फलाम खानीमा लगानी गर्नुपर्छ भन्ने सोचमा प्रदेश सरकारको रहेकोसमेत उहाँले जानकारी दिनुभयो।

पर्यटन गण्डकी प्रदेश सरकारको प्रमुख आयस्रोत भएको भन्दै मुख्यमन्त्री पाण्डेले बढीभन्दा बढी पर्यर्टक भित्र्याएर प्रदेश सरकारको आयस्रोत वृद्धि गर्दै आत्मनिर्भर प्रदेश बनाउने योजना प्रदेश सरकारको रहेको बताउनुभयो । उहाँले गाँजा खेती तथा घरेलु मदिरलाई ब्रान्डिङ गरेर पनि प्रशस्त आम्दानी गर्नसक्ने अवस्था भएको आवश्यक अध्ययन गरी त्यसलाई पनि अघि बढाउने बताउनुभयो । "गाँजा भनेको लागुपदार्थ मात्र होइन।

यो औषधिजन्य पदार्थ पनि हो भन्ने कुरा अध्ययनले देखाएको छ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "यसबाट कपडा उत्पादन गर्न सकिन्छ, यसलाई हामीले अध्ययन अनुसन्धान गर्नुपर्‍यो, यदी गाँजा औषधिजन्य पदार्थ हो भने यसलाई नियमनकारी निकाय गठन गरेर लागुऔषधमा प्रयोग हुन नसक्ने अवस्था सिर्जना गरेर कानुनी व्यवस्था गरी यसको खेती वैध गराउनुपर्छ।"

मुख्यमन्त्री पाण्डेले घरेलु मदिराको पनि गुणस्तर बढाएर व्यावसायिक ढङ्गबाट राज्यको दायरामा ल्याउनसके स्थानीय तथा प्रदेश सरकारलाई आर्थिक वृद्धिका लागि सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । घरेलु मदिराको हकमा प्रदेश सरकार स्थानीय सरकारसँगै सहयोग र सहकार्य गरेर काम गर्ने पक्षमा रहेको उहाँले बताउनुभयो।

फरक प्रसङ्गमा मुख्यमन्त्री पाण्डेले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाली जनताको चाहनाअनुसार आएको व्यवस्था भएकाले कसैले नचाहँदैमा गणतन्त्र नउल्टिने बताउनुभयो।

"सङ्घीय लोकतान्त्रिक गणतन्त्र लहडमा आएको होइन," मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "अहिले जसले गणतन्त्र चाहिँदैन भनिरहेका छन् उनीहरुलाई गणतन्त्र कसरी आयो भन्ने नै थाहा छैन ।" उहाँले अहिलेको व्यवस्थालाई स्वीकार गरेर संविधानलाई मानेर संसद्मा पुगेका व्यक्तिले गणतन्त्रकोविरुद्ध बोल्नु उचित नभएको उल्लेख गर्नुभयो।

## स्रोत खुम्चिँदा घट्यो बजेट

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असार

पोखरा महानगरपालिकाले चालु आवको तुलनामा आगामी आव ०८०/८१ का लागि रु एक अर्बभन्दा कमको बजेट प्रस्ताव गरेको छ। चालु आवमा रु आठ अर्ब ९९ करोड दुई लाख २ ९ हजारको बजेट ल्याइएकामा आगामी आवका लागि रु सात अर्ब १५ करोड १५ लाख १७ हजारको बजेट सार्वजनिक गरिएको हो।

संघ सरकारले दिने अनुदान र आन्तरिक आय खुम्चिँदा बजेटको आकार घटेको महानगरप्रमुख धनराज आचार्यले बताउनुभयो । चालु आवको बजेटमध्ये आन्तरिक स्रोतबाट रु चार अर्ब ३० करोड १५ लाख ५२ हजार व्यहोर्ने अनुमान गरिएकामा हालसम्म रु एक अर्ब १९ करोड ७१ लाख ९२ हजार राजस्व संकलन भएको छ।

घरजग्गा करबाट रु ८५ करोड उठाउने लक्ष्य लिइएकामा हालसम्म जम्मा रु ४३ करोड सङ्कलन भएको छ। अर्थतन्त्रमा देखिएको मन्दी, चुनावी वर्ष, करको दर घट्नु जस्ता कारणले आन्तरिक आय खुम्चिएको महानगरप्रमुख आचार्यले बताउनुभयो । उहाँका अनुसार प्रदेश र संघ सरकारले दिने अनुदान पनि घटेर आएको छ।

आगामी आवको बजेटमा पनि आन्तरिक आयतर्फ रु दुई अर्ब २७ करोड ८७ लाखको अनुमान गरिएको छ । स्रोतमा आधारित रहेर बजेट ल्याइएकाले कार्यक्रम तथा बजेटको कार्यान्वयनमा समस्या नआउने महानगरप्रमुख आचार्यले उल्लेख गर्नुभयो। "महानगरको नीति तथा कार्यक्रमअनुसार नै बजेट आएको छ, यसको कार्यान्वयनमा हामी प्रतिबद्ध छौँ", उहाँले भन्नुभयो, "असान्दर्भिक देखिएका केही कार्यक्रम हटाइएको छ, राम्रा कार्यक्रमको निरन्तरता छ, केही नयाँ आएका छन्।"

महानगरको तथ्याङ्कअनुसार चालु आवको बजेट खर्च पनि न्यून देखिएको छ। यही असार ८ गतेसम्म जम्मा रु तीन अर्ब ९५ करोड ५५ लाख ८४ हजार खर्च भएको हो । जुन कूल बजेटको ४३ दशमलव ०५ प्रतिशत मात्र प्रगति हो । असार मसान्तसम्म ७० प्रतिशत खर्च हुने महानगरको अनुमान छ। महानगरले आगामी आवको बजेटमा भौतिक पूर्वाधार विकास कार्यक्रमलाई प्राथमिकता दिएको छ । भौतिक पूर्वाधार, पर्यटन, सहरी विकासलगायत क्षेत्रमा रु दुई अर्ब ७० करोड

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरा ३ को सार्वजनिक सुनवाई कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असार

पोखरा महानगरपालिका वडा नं. ३ का स्थानीयले सडकमा छाडा कुकुर बढेको भन्दै चिन्ता व्यक्त गरेका छन् । उनीहरुले छाडा कुकुरका कारण घर वरिपरिको वातावरण प्रदुषण भएको, सडक दुर्घटना हुने भएको र कुकुरकै कारण छिमेकीबीचमा मनमुटाव समेत हुने गरेको दुःखेको पोखेका छन्।



रेडियो सफलतासँगको सहकार्यमा वडा कार्यालय पोखरा-३ ले आयोजना गरेको सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागीले यस्तो दुःखेसे पोखेका हुन् । सहभागीले वडाबाट हुने सेवा प्रवाह, विकास निर्माण, फोहोर व्यवस्थापनका साथै समसामयिक विषयमा चासो राखेका थिए । शान्तिवारी महिला मिलन समूह पोखरा-३ की अध्यक्ष गीता कुमारी अधिकारी कुँवरले बिहान घर वरिपरि रहेका कुकुरहरु लखेटेर र कुकुरको दिसा उठाएर मात्रै आफ्नो दैनिकी सुरु हुने बताइन् । उनले आफूले कुकुर नछाड्न भनेर छिमेकीसँग आग्रह गर्दा उल्टै झगडा गरेर बोलचाल नै बन्द भएको दुःखेसो पोखिन् । स्थानीय कविता बराल लम्सालले छाडा कुकुरले निकै दुःख दिने गरेको भन्दै यसका लागि टोल विकास संस्था, वडा कार्यालयमा गुनासो गर्दा पनि सुनुवाई नभएको बताइन् । उनले भनिन्, 'सडकमा कुकुर कराउँदा रातभर सुत्नै सकिन्न। घर वरपर फोहोर गरिदिन्छ, सफा गरेर साध्यै लाग्दैन । अर्कोतर्फ कुकुर मोटरसाइकलमै झुण्डिन पुग्दा दुर्घटना बढेको छ भने बालबालिकालाई टोक्ने डर उत्तिकै छ।' वडा सदस्य सनकमान सिकेले सडकमा कुकुर नछाड्न पटक पटक आग्रह गर्दा पनि कतिपयले अटेर गरेको बताए। उनले कुकुरको दिसाबाट हुने जोखिम र अन्य जोखिमका बारेमा जानकार ीसहितको पोष्टर प्रिन्ट गरेर घरघरमा वितरण गरेको भएपनि स्थानीयले नै अटेर गरेको स्पष्ट पारे। उनले भने, 'पहिलाका कुकुर फोहोरमा बस्थे, फोहोर खानेकुरा खान्थे अनि फोहोरमै दिसा गर्थे । अहिलेका कुकुर सफा खानेकुरा खान्छन् अनि सफा ठाउँमै दिसा गर्न खोज्छन् ।' छाडा कुकुर नियन्त्रणका लागि वडा कार्यालयले प्रयास गरिरहेको उनले जानकारी दिए । कार्यक्रममा वडावासीले उठाएका जिज्ञासा र गुनासो संवोधन गर्दै वडाध्यक्ष प्रकाशमान उदासले वडावासीको सेवामा आफु सधैं लागिरहने प्रतिवद्धता जनाए। उनले सीमित बजेटले वडावासीका सबै आवश्यकता पूरा गर्न नसकिने भन्दै क्रमिकरुपमा काम गर्रिंदै आएको बताए । विगतमा भन्दा यस पटक बजेट घटेर आएको भन्दै यस पटक पूरा नभएका योजना आगामी वर्षमा पूरा गर्ने प्रतिवद्धता जनाए । वडा सचिव चन्द्रवती वाग्लेले गतवर्षको सम्पन्न भएका र निर्माणाधीन अवस्थाका योजनाहरुका बारेमा चर्चा गरेकी थिइन्। उनले नागरिकले पाउने सेवा सहज र सरल बनाउन वडा कार्यालयले पूरै प्रयत्न गरिरहेको बताइन्। उनले पोखराका ३३ वडामध्ये पोखरा-३ उत्कृष्ट वडाको रुपमा घोषित भएको समेत जानकारी दिइन्। कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सरिता तिमिल्सिना पगेनी, नेकपा एमालेका वडा सचिव विष्णुशंकर खैंजु, राप्रपाका अध्यक्ष मोतीमान शाक्य, सामाजिक अभियान्ता पार्वता पौडेल, वडा सदस्य शान्तिदेवी पराजुली लगायतले विकास निर्माणका सवालमा राजनीति गर्न नहुने बताएका थिए।

वडाध्यक्ष उदासको अध्यक्षतामा भएको कार्यक्रममा रोडियो सफलताका प्रवन्ध निर्देशक दुर्गा अधिकारी र स्टेसन म्यानेजर मधु अधिकारीले सहजीकरण गरेका थिए।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# माछापुच्छ्रेमा पशुपालन व्यवसाय फस्टाउँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असार

कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका पशुपालनमा देशमै अग्रणी स्थानमा छ ।

पालिकाका नौ वडाबाट गरी दैनिक ११ हजार लिटर दूध बिक्रीका लागि पोखरा बजारमा ल्याउने गरिन्छ। पुशपालन व्यवसाय फस्टाउँदै गएपछि गाउँपालिकाले पशु आहाराका लागि गाउँमै दाना चोक्कर केन्द्र स्थापना गर्ने योजना अघि सारेको छ । यसबाट कृषकलाई लाभ पुग्ने पालिकाले जनाएको छ । गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट कार्यक्रममा गाउँपालिकाको उपयुक्त स्थानमा दुग्ध प्रशोधन केन्द्र स्थापना तथा दाना चोक्कर उत्पादन केन्द्र स्थापनाको लागि रु ९० लाख बजेट विनियोजन गरिएको छ। गाउँपालिका उपाध्यक्ष सीता अधिकारीले पालिकामा व्यावसायिक पशुपालन राम्रो हुँदै गएपछि दाना चोक्कर उत्पादन केन्द्र स्थापनाका लागि बजेट विनियोजन गरिएको बताउनुभयो। उहाँले भन्नुभयो, “हाम्रो पालिका दूध उत्पादनमा देशमै नमूना रहेको छ। दूध बिक्रीबाट कृषकले राम्रो आयआर्जन गर्नुभएको छ । दुग्ध प्रशोधन केन्द्र र दाना उत्पादनका लागि बजेटमै व्यवस्था गरेका छौं ।” माछापुच्छ्रे गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि कूल रु ६१ करोड ६८ लाख ७० हजार बराबरको बजेट ल्याएको छ । बजेटका स्रोतमा सङ्घीय सरकार वित्तिय समानीकरण अनुदान रु नौ करोड ४७ लाख, सङ्घीय सरकार सर्शत अनुदान रु २६ करोड ५२ लाख, सङ्घ समपूरक अनुदानतर्फ रु एक करोड ६५ लाख, सङ्घ विशेष अनुदान रु एक करोड ३० लाख, सङ्घीय सरकार राजस्व बाँडफाँट रु १० करोड ३८ लाख ५७ हजार अनुमान गरिएको उपाध्यक्ष अधिकारीले बताउनुभयो ।

यसैगरी प्रदेश सरकार वित्तीय समानीकरण अनुदान रु एक करोड २० लाख, प्रदेश सरकार राजश्व बाँडफाँट रु ७४ लाख, ४३ हजार, प्रदेश सरकार विशेष अनुदान रु ३० लाख र प्रदेश सरकार समपूरक अनुदान रु ७० लाख अनुमान गरिएको छ । माछापुच्छ्रे गाउँपालिकाको आन्तरिक राजस्व अनुमान रु छ करोड २८ लाख, चालु वर्षको बैंक मौज्दात रकम रु तीन करोड, घर जग्गा रजिष्ट्रेशन शुल्क रु ८० लाख, जनसहभागिता रु १० लाख अनुमान रहेको छ । बजेटमा पूर्वाधार विकासमा रु १० करोड ६४ लाख, सामाजिक विकासतर्फ रु चार करोड २१ लाख, आर्थिक विकासमा रु दुई करोड ४६ लाख, वन वातावरण तथा विपद् व्यवस्थापनतर्फ रु ६१ लाख, संस्थागत विकास सेवा प्रवाह तथा सुशासनमा रु दुई करोड ४५ लाख र कार्यालय सञ्चालन तथा व्यवस्थापनमा रु १० करोड एक लाख छुट्टाइएको छ । माछापुच्छ्रेले ‘ उत्पादनशिल रोजगारी, मर्यादित जीवन, समावेशी र सुशासनयुक्त गाउँपालिका’ को लक्ष्य अघि सारेको छ । उत्पादन, रोजगारी र आयआर्जनका अबसर प्रवर्द्धन बजेटको मुख्य उद्देश्य छन् । माछापुच्छ्रेलाई सांस्कृतिक तथा पर्यटकिय गन्तव्यको रुपमा विकास, गुणस्तरिय स्वास्थ्य, शिक्षा र सभ्य समाजको आधार तयार, बसोबास, भौतिक सुविधा तथा अन्तर आबद्धता सहज, व्यवस्थित र उत्थानशील बनाउनु बजेटका उद्देश्य छन् ।

यसैगरी वन, जलाधार एवं जैविक विविधताको संरक्षण, गुणस्तर तथा दिगो प्रयोगमा अभिवृद्धि गर्नु र विकास पूर्वाधारलाई विपद् प्रतिरोधी तथा सामाजिक एवं संस्थागत जीवनलाई उत्थानशिल बनाउनु बजेटका मुख्य उद्देश्य रहेको गाउँपालिकाले जनाएको छ । आगामी वर्ष भूमि बैंक स्थापना तथा सञ्चालन, कृषि सहकारीलाई अनिवार्य बाँझो जमिनमा खेती गर्न लगाउने, पाइलोटिङ प्रोजेक्टअन्तर्गत सामान दुवानी मोनोरेल सञ्चालन, औद्योगिक ग्राम स्थापना तथा सञ्चालनलगायतका कार्यक्रमका लागि बजेट विनियोजन गरिएको उपाध्यक्ष अधिकारीले बताउनुभयो ।

# तनहुँका दश स्थानीय तहद्वारा सात अर्ब ७५ करोडको बजेट प्रस्तुत

**रासस**
दमौली, ११ असार

तनहुँका दश स्थानीय तहले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि रु सात अर्ब ७५ करोड ७० लाख ६७ हजार तीन सय ७० को बजेट प्रस्तुत गरेका छन् । जिल्लाका चार नगरपालिका र छ गाउँपालिकाले आगामी आवका लागि उक्त बजेट प्रस्तुत गरेका हुन् ।

तनहुँका सबै स्थानीय तहका उपप्रमुख एवं उपाध्यक्षले आइतबार बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन् । जिल्लाका सबै स्थानीय तहले कृषि, स्वास्थ्य, पर्यटन र रोजगारीलाई प्राथमिकतामा राखेर बजेट प्रस्तुत गरेको जनाएका छन् । व्यास नगरपालिकाले रु एक अर्ब ५९ करोड ३१ लाख एक हजार, भिमाद नगरपालिकाले रु ६३ करोड ८९ लाख ५६ हजार आठ सय ७०, भानु नगरपालिकाले रु एक अर्ब सात करोड ३२ लाख ५६ हजार, शुक्लागण्डकी नगरपालिकाले रु एक अर्ब २८ करोड ३१ लाख तीन हजारको बजेट प्रस्तुत गरेका छन् । देवघाट गाउँपालिकाले रु ५० करोड ६६ लाख ९८ हजार छ सय, आँबुखैरेनी गाउँपालिकाले रु ६३ करोड, बन्दीपुर गाउँपालिकाले रु ४८ करोड ६१ लाख ८४ हजार, म्याग्दे गाउँपालिकाले रु ५५ करोड ५३ लाख ५० हजार, ऋषिङ गाउँपालिकाले रु ५५ करोड २५ लाख २८ हजार र घिरिङ गाउँपालिकाले रु ४३ करोड ७८ लाख ८९ हजार नौ सयको बजेट प्रस्तुत गरेको छ। जिल्लाको पुरानो र ठूलो नगरपालिका व्यासले सबैभन्दा बढी बजेट प्रस्तुत गरेको छ। व्यास नगरपालिकाले चालुतर्फ रु ९० करोड ८६ लाख ९६ हजार र पुँजीगतर्फ रु ६८ करोड ४४ लाख पाँच हजार विनियोजन गरेको उपप्रमुख इन्दिरा दरैले जानकारी दिनुभयो । कूल बजेटको ५७ दशमलव ०४ प्रतिशत चालुतर्फ र ४२ दशमलव ९६ प्रतिशत बजेट पुँजीगतर्फ विनियोजन गरिएको छ। उपप्रमुख दरैका अनुसार आर्थिक विकासतर्फ रु पाँच करोड ९६ लाख १० हजार, सामाजिक विकासतर्फ रु ७१ करोड दुई लाख ९२ हजार, पूर्वाधार विकासतर्फ रु ५३ करोड ५४ लाख ३१ हजार, वातावरण तथा विपद् व्यवस्थापनतर्फ रु सात करोड १६ लाख ५० हजार, संस्थागत विकास सेवा प्रवाह सुशासनतर्फ रु २१ करोड ६१ लाख १८ हजार बजेट विनियोजन गरिएको छ। राजस्व सङ्कलन कमी, सङ्घ र प्रदेश अनुदान कटौती भएकाले चालु अवस्थामा रहेका योजनामा रु पाँच करोड विनियोजन गरिएको उहाँले जानकारी दिनुभयो । आम्दानीतर्फ सङ्घ सरकारको सशर्त अनुदानबाट रु ५७ करोड २२ लाख, आन्तरिक स्रोतबाट रु १८ करोड एक लाख, सङ्घ सरकारको वित्तीय समानीकरण रु १७ करोड ९९ लाख, सशर्त पुँजीगत अनुदान रु १६ करोड ४४ लाख, राजश्व बाँडफाट रु १५ करोड ४१ लाख ३२ हजार, नगर विकास कोष ऋणबाट रु १० करोड, प्रदेश वित्तीय समानीकरणबाट रु दुई करोड ६० लाख ६८ हजार, सङ्घ विशेष अनुदानबाट रु दुई करोड ५० लाख, प्रदेश सरकार राजश्व बाँडफाँटबाट रु दुई करोड ३३ लाख एक हजार, सङ्घ सरकारको सडक बोर्डबाट रु एक करोड ५० लाख, प्रदेश विशेष अनुदानबाट रु ६० लाख, प्रदेश समपुरक अनुदानबाट रु ६० लाख, जिल्ला समन्वय समिति अनुदानबाट रु ५० लाख र जनसहभागिता रु ५० लाख हुने अनुमान गरिएको छ।

नगरपालिकाले कृषि, स्वास्थ्य र पर्यटनलाई प्राथमिकतामा राखेको छ। स्थापनाकालदेखि नगरपालिकाले हासिल गरेका महत्वपूर्ण उपलब्धिको जगमा रही राज्य पुनःसंरचनापछि दोस्रो कार्यकालका लागि निर्वाचित जनप्रतिनिधिले विगतका कामको समीक्षा गर्दै नगरवासीको भरोसालाई ध्यानमा राखेर स्रोतगत सीमालाई मध्यनजर गर्दै नीति तथा कार्यक्रम बनाइएको नगरप्रमुख वैकुण्ठ न्यौपानेले बताउनुभयो । भानु नगरपालिकाले आगामी आव २०८०/८१ का लागि रु एक अर्ब सात करोड ३२ लाख ५६ हजारको अनुमानित बजेट प्रस्तुत गरेको छ । उपप्रमुख उमा गोतामेका अनुसार जसमध्ये चालुतर्फ रु ५८ करोड ४४ लाख र पुँजीगततर्फ रु ४८ करोड ८८ लाख ५६ हजार विनियोजन गरिएको छ । आगामी आवका लागि अनुमान गरिएको खर्च बेहोर्ने स्रोतमध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु १३ करोड ४७ लाख, सङ्घीय विभाज्य कोषबाट प्राप्त हुने राजस्व बाँडफाँट रु १२ करोड ३२ लाख ३१ हजार, सशर्त अनुदान रु ४२ करोड एक लाख, सङ्घीय समपुरक अनुदान रु एक करोड ८५ लाख, सङ्घीय विशेष अनुदान रु दुई करोड, प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु एक करोड ८९ लाख ५२ हजार, प्रदेश राजश्व बाँडफाँट रु एक करोड ३५ लाख ७३ हजार, प्रदेश सशर्त अनुदान रु ३० लाख, प्रदेश विशेष अनुदान रु ३० लाख, प्रदेश समपुरक अनुदान रु ५० लाख, आन्तरिक राजस्वबाट प्राप्त हुने रु तीन करोड अनुमान गरिएको छ।

स्थानीय सरकारको क्षेत्रभित्रका करको आधार फराकिलो पार्दै आन्तरिक राजस्व वृद्धि गर्न कर तथा गैरकर राजस्वको अधिकतम परिचालन गर्ने नीति लिइएको उपप्रमुख गोतामले बताउनुभयो । उहाँका अनुसार कर तथा गैरकर राजस्व सङ्कलनलाई प्रभावकारी बनाउन कानुनी तथा संस्थागत सुधार गर्दै राजस्व सुधार अभियान सञ्चालन गर्ने व्यवस्था मिलाइएको उहाँको भनाइ छ । आर्थिकरुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका नागरिकलाई ध्यानमा राखेर प्रगतिशील कर प्रणाली विकसित गरिने उहाँले बताउनुभयो । शुक्लागण्डकी नगरपालिकाले रु एक अर्ब २८ करोड ३२ लाखको बजेट प्रस्तुत गरेको छ। उपप्रमुख खुमबहादुर विकका अनुसार पूर्वाधारतर्फ रु पाँच करोड ६५ लाख ७० हजार, सामाजिक विकासतर्फ रु तीन करोड ७७ लाख, आर्थिक विकासतर्फ रु एक करोड २५ लाख, वातावरणतर्फ रु एक करोड २५ लाख ७१ हजार, सुशासनतर्फ रु ६२ लाख ८५ हजार विनियोजन गरिएको छ । नगरपालिकाका १२ वडामा कूल रु आठ करोड ३८ लाख सात हजार आठ सय ३८ विनियोजन भएको छ। भिमाद नगरपालिकाले रु ६३ करोड ८९ लाख ५६ हजार आठ सय ७० को बजेट प्रस्तुत गरेकामा चालुतर्फ रु ४३ करोड ९८ लाख ५६ हजार र पुँजीगततर्फ रु १९ करोड ९१ लाख छुट्याएको छ। उपप्रमुख शारदा खनालका अनुसार सामाजिक विकासतर्फ ३४ करोड ६३ लाख, पूर्वाधार विकासतर्फ रु १३ करोड ३७ लाख, सुशासन तथा अन्तरिकतर्फ रु एक करोड ३२ लाख र कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च रु दश करोड ८९ लाख विनियोजन गरिएको छ। ऋषिङ गाउँपालिकाले रु ५५ करोड २५ लाख २८ हजार विनियोजन गरेकामा सङ्घीय समानीकरणबाट रु नौ करोड सात लाख, राजस्व बाँडफाँटबाट रु दश करोड १४ लाख चार हजार, सशर्त अनुदानबाट रु २३ करोड ४१ लाख, प्रदेश सशर्त अनुदानबाट रु ६० लाख, विशेष अनुदानबाट रु ७५ लाख, सशर्त अनुदान पुँजीगतबाट रु एक करोड नौ लाख र समानीकरणबाट रु एक करोड २६ लाख आम्दानी हुने अनुमान गरिएको छ। आँबुखैरेनी गाउँपालिकाले रु ६३ करोडको अनुमानित बजेट प्रस्तुत गरेकामा चालुमा रु ३९ करोड १३ लाख ५१ हजार र पुँजीगततर्फ रु २३ करोड ८६ लाख अनुमान गरिएको उपाध्यक्ष दुर्गा अर्यालले जानकारी दिनुभयो । म्याग्दे गाउँपालिकाले रु ५५ करोड ५३ लाख ५० हजारको अनुमानित बजेट प्रस्तुत गरेकामा चालुतर्फ रु २१ करोड ५३ लाख ८५ हजार र पुँजीगततर्फ रु ३२ करोड ५७ लाख ८२ हजार बजेट विनियोजन गरिएको उपाध्यक्ष बालकृष्ण घिमिरेले जानकारी दिनुभयो। जसमध्ये चालुतर्फ ३८ दशमलव ७८ प्रतिशत र पुँजीगततर्फ ५८ दशमलव ६६ प्रतिशत बजेट विनियोजन गरिएको छ । गाउँपालिकाले चालुतर्फभन्दा विकासतर्फ प्राथमिकताका साथ बजेट विनियोजन गरेको छ। घिरिङ गाउँपालिकाले रु ४३ करोड ७८ लाख ८९ हजार नौ सयको बजेट प्रस्तुत गरेको छ । देवघाट गाउँपालिकाले पूर्वाधारलाई प्राथमिकता दिएर रु ५० करोड ६६ लाख ९८ हजार छ सयको बजेट प्रस्तुत गरेको उपाध्यक्ष भुवनसिं गुरुङले जानकारी दिनुभयो। बन्दीपुर गाउँपालिकाले पर्यटनलाई केन्द्रित गरी रु ४८ करोड ६१ लाख ८४ हजारको बजेट प्रस्तुत गरेको उपाध्यक्ष पञ्चमाया गुरुङले बताउनुभयो।

## स्रोत...

बजेट विनियोजन गरिएको हो । आइतबार सार्वजनिक बजेटमा आर्थिक विकासतर्फ रु १० करोड, सामाजिक विकासमा रु छ करोड ५० लाख र नगर कार्यपालिकाको कार्यालयतर्फ रु ८१ करोड २२ लाख विनियोजन गरिएको छ। वडा कार्यालयतर्फ रु ७२ करोड ६० लाख, विभिन्न कोषहरूमा रु १४ करोड, संघीय सःशर्त अनुदानतर्फ रु दुई अर्ब २३ करोड ६२ लाख, प्रदेश ससर्त अनुदानतर्फ रु ८० लाख र सहरी विकास आयोजनामा रु आठ करोड ४० लाख ९१ हजार विनियोजन गरेको छ।

स्रोततर्फ संघीय सरकार अनुदानबाट रु दुई अर्ब ७६ करोड ३२ लाख, प्रदेश सरकार अनुदानबाट रु १० करोड २३ लाख ६२ हजार, आन्तरिक आयबाट रु दुई अर्ब २७ करोड ८७ लाख खर्च हुने अनुमान गरिएको छ । संघीय राजस्व बाँडफाँटबाट रु ३६ करोड ६२ लाख, प्रदेश राजस्व बाँडफाँटबाट रु आठ करोड २५ लाख, स्थानीय राजस्व बाँडफाँटबाट रु एक अर्ब एक करोड ७५ लाख स्रोत व्यवस्थापन गरिने भएको छ।

संघीय सरकार सहरी विकास आयोजनाबाट रु आठ करोड ४० लाख ९१ हजार प्राप्त हुने अनुमान गरिएको छ । न्यून हुन जाने रु ४५ करोड ६८ लाख ६५ हजार चालु आवको अन्त्यमा बचत हुने मौज्दात रकमबाट व्यहोरिने जनाइएको छ।

बजेटमा पर्यटन प्रवर्द्धन, वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन, समावेशी, सन्तुलित र समतामूलक विकास, संस्थागत विकास, सुशासन प्रवर्द्धन, गुणस्तरीय सेवा प्रवाह, स्वरोजगार, उद्यमशीलता र व्यावसायिक कृषि प्रणालीमा जोड दिइएको छ।

# अनौपचारिक क्षेत्रका श्रमिक महिलाहरुका पीडा जटिल

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असार

विभिन्न क्षेत्रमा कार्यरत श्रमिक महिला अझैपनि लैङ्गिक तथा अन्य कारणबाट पीडित बनेको पोखरामा आयोजित एक कार्यक्रममा सहभागी वक्ताले निष्कर्श निकालेका छन् ।

श्रमिक महिला रक्षा संघद्धारा शनिवार पोखरामा आयोजित योगदानमा आधारित सामाजिक सुरक्षा ऐन र अनौपचारिक मनोरञ्जनात्मक क्षेत्र विषयक गण्डकीस्तरीय सरोकारवाला निकायसंगको अन्तरक्रिया कार्यक्रममा सहभागी वक्तहरुले यस्तो निष्कर्श निकालेका हुन्। सो अवसरमा बोल्दै गण्डकी प्रदेश सभा सदस्य दिलमाया पौवीले श्रमिक महिलाको अवस्था अझैपनि दर्दनाक रहेको बताइन् । स्वदेश वा विदेशमा काम गर्ने श्रमिक महिलाको पीडा धेरै छन् उनीहरुको अधिकार स्थापना गर्न तीनै तहको सरकार सक्रिय भएर लाग्नुपर्नेमा उनले जोड दिइन् । अधिकाशं महिला रोजगारदाताबाट शोसित मात्र छैनन्, उनीहरुले श्रम गरेवापत न्यूनतम ज्याला समेत नपाउने गरेको गुनासा आफूकहाँ थुप्रै आउने गरेको बताइन्। विशेष गरी होटल, डान्सबार, दोहोरी साँझ, घर तथा मसाजमा काम गर्ने महिलाको अवस्था झनै दयनीय रहेको भनाई उनको छ । प्रदेश सभा सदस्य द्रोण कुवँरले श्रमको सम्मान गरेर अगाडि बढ्नु पर्नेमा जोड दिएका थिए । कार्यक्रममा सामाजिक सुरक्षा कोष गण्डकीका प्रमूख रमेश ढुंगेलले योगदानमा आधारित सामाजिक सुरक्षा कोष बारे कार्यपत्र प्रस्तुत गरेका थिए। ट्रेड युनियन काँग्रेस गण्डकी प्रदेश उपाध्यक्ष लालीमाया रेग्मीले लोकतन्त्र प्राप्ति पछि पनि महिलाले अधिकार प्राप्त गर्न नसक्नु दखद भएको बताउँदै असंगठित क्षेत्रमा काम गर्ने श्रमिक महिलालाई १२ घण्टा काममा लगाएर मासिक चार पाँच हजार रुपैयाँ मात्र पारिश्रमिक दिने गरिएको र कतिले त्यो पनि नपाएको भनाई उनको छ।


पोखरा महानगरपालिकाको न्यायिक समिति सदस्य तथा वडा नं ९ की वडासदस्य भावना श्रेष्ठले श्रमिकहरुका समस्या समाधान गर्न आफूहरु प्रतिवद्ध गरेको बताइन् । जिफन्टकी प्रतिनिधि संगीता पाण्डेले श्रमिक महिलाका अधिकार स्थापित गर्न सरकारी क्षेत्रबाट कडा कदम चाल्नु पर्नेमा जोड दिइन् । सो अवसरमा श्रमिक महिला, विभिन्न मजदुर संघका प्रतिनिधिले आफ्ना भनाई राखेका थिए भने उक्त संस्थाका अध्यक्ष सविना लिम्बुको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रमको संचालन राधिका चम्लागाँईले गरेकी थिइन् । २०७१ सालमा दर्ता भएको श्रमिक महिला रक्षा संघमा देशभरका ४ हजार श्रमिक महिलाहरु सदस्य रहेका छन् । रोजगारदातालाई श्रमिकप्रति उत्तरदायी बनाउने उद्देश्यले संस्थाको स्थापना गरिएको बताइएको छ।


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको बीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाइसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय बिताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।

– सास लिभोसन

## सम्पादकीय

# चीनको पोखराप्रतिको सद्भाव

उद्घाटन भएको छ महिनापछि पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा पहिलो अन्तर्राष्ट्रिय उडान भएको छ । सिचुवान एयरलाइन्सको चार्टर्ड न्यारोबडी ए ३१९ जहाज चीनको छेन्दुबाट पोखरा अवतरण भयो । चीन भ्रमणमा रहेका राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिना सहित सात सांसदहरू र चिनियाँ खेलाडी र पर्यटक बुधबार पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा उत्रिए । गण्डकी प्रदेश प्रमुख, मुख्यमन्त्री , संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री र नेपालका लागि चिनियाँ राजदूत छन सोङले पोखरा विमानस्थल पुगेर उडानलाई स्वागत गरेका थिए । चिनियाँ सहयोगमा निर्मित विमानस्थल उद्घाटनको छ महिनापछि पहिलो अन्तर्राष्ट्रिय उडान पनि चिनियाँ विमान कम्पनीले गरेर पोखराप्रति सद्भाव देखाएको छापोखरा विमानस्थलमा सफल अन्तर्राष्ट्रिय चार्टर उडानले नियमित व्यावसायिक अन्तर्राष्ट्रिय उडान हुन सक्ने सन्देश दिएको छ ।

पोखरामा नयाँ विमानस्थल पर्यटकललाई आकर्षित गर्न बनाइएको हो ।अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनले विसं २०२६ मै गरेको संक्षिप्त अध्ययनका अधारमा २०३२ सालमै जग्गा अधिग्रहण गरेर राखिएको थियो । लामो अध्ययन र प्रयासपछि २०७२ सालमा चीन सरकार र त्यहाँको एक्जिम बैङ्कको एक अर्ब ३७ करोड ८७ लाख ४० हजार चिनियाँ युआन सहुलियत ब्याजदरको ऋण लिएर अन्तर्राष्ट्रिय विमानस्थल निर्माण थालिएको हो । एक्जिम बैङ्कबाट लिएको ऋणमध्ये २५ प्रतिशतमा ब्याज नलाग्ने सम्झौता छ । बाँकी ७५ प्रतिशत रकम दुई प्रतिशत ब्याज तिर्नु पर्छ । केही महिनापछि चिनियाँ बैङ्कलाई ऋणको ब्याज तिर्न सुरु गर्नु पर्छ । अहिलेसम्म अन्तर्राष्ट्रिय उडान नभएकोले ऋणको किस्ता तिर्न गाह्रो छा ऋणको पासोमा पर्नसक्ने चिन्ता गर्ने पनि छन। नियमित अन्तर्राष्ट्रिय उडान हुनसके ऋण तिर्न सक्छ ।

पोखरा विमानस्थल चल्न चीन, भारत र अरू देशका पर्यटकलाई सीधा उडानमार्फत पोखरा ल्याउनुपर्ने हुन्छ । भारत र चीनका विभिन्न सहरबाट पर्यटकलाई सोझै पोखरा झार्न सकिन्छ भन्ने अनुमान सरकार र पर्यटन व्यवसायीको छा धेरै पर्यटक पोखरा क्षेत्रमा आकर्षित गर्नु पर्छ । त्यसका लागि भारत र चीनका पर्यटकीय सहरमा यो विमानस्थल अनि गण्डकी प्रदेशका पर्यटकीय स्थलको प्रवर्धन, पर्यटकीय गतिविधि, सेवाको विस्तार र स्तरोन्नति जरुरी देखिएको छ ।पोखराबाट आफ्नो देशमा हुने सिधा उडानका लागि भारतले अनुमति दिन आनकानी गरेको छा नेपाल सरकारले आवश्यक कूटनीतिक, राजनीतिक पहलकदमी लिएर पोखरा र भारतीय सहरबिच हवाई सेवा कम्पनीलाई सिधा उडान अनुमति दिलाउन जोड दिनु पर्छ । भारत र चीनका शहरबाट सिधा उडान र पर्यटन प्रबर्द्धनका कार्यक्रम अहिलेको प्राथमिक काम हो ।

ट्रान्स–हिमालय बहुआयामिक 'कनेक्टिभिटी' सञ्जालको महत्वपूर्ण पक्षका रूपमा पोखरा विमानस्थल सञ्चालन हुन सक्छ । नेपाल, भारत, चीनबिच समन्वयित पर्यटकीय गतिविधिका लागि पनि यो उपयोगीसिद्ध हुन सक्ने छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा सहयोग अनि अन्तर्राष्ट्रिय उडानको सुरुवातलाई दुई देशबिच सम्बन्धको रुपमा लिनुपर्छ ।नेपाल र चीनबिच 'कनेक्टिभिटी'को नयाँ अध्याय सुरु भएको छ । सदियौँदेखि जनस्तरको सम्बन्ध गहिरो बनाउँदै लगेका दुई देशबिच आपसी सहयोग र विश्वासलाई अझ घनीभूत बनाउन यो विमानस्थलको व्यावसायिक सञ्चालनमा पनि चिनियाँ सहयोग अपेक्षित छ । उसले विश्वभर घुमघामका लागि निस्कने आफ्ना नागरिकको थोरै प्रतिशत हिस्सा यता मोडिदिने हो भने पनि पर्यटकीय विमानस्थलको सञ्चालनमा समस्या पर्ने छैन ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शारीरिक झमेला |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बढ्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पोखरा महानगर : बजेटको ठूलो हिस्सा पूर्वाधारमा

–रामबहादुर थापा

गण्डकी, ११ असार (रासस)

पोखरा महानगरपालिकाले आगामी आव ०८०/०८१ को बजेटमा पूर्वाधार विकास कार्यक्रमलाई प्राथमिकता दिएको छ । भौतिक पूर्वाधार, पर्यटन, सहरी विकासलगायत क्षेत्रमा रु दुई अर्ब ७० करोड बजेट विनियोजन गरिएको हो ।

आइतबार सार्वजनिक बजेटमा महानगरको प्रशासकीय भवन र वडा कार्यालय भवन निर्माणमा रु ५४ करोड ६२ लाख विनियोजन गरिएको छ। महानगरको प्रशासकीय भवन निर्माण यसै वर्ष थालिने बजेटमा उल्लेख छ । सहरी क्षेत्रमा 'आस्फाल्ट' प्रविधिको सडक निर्माणका लागि रु १० करोड बजेट छुट्टाइएको महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङले जानकारी दिनुभयो । आगामी आवमा ठूलढुङ्गा–सुतनि–चैनपुर, घाँटीछिना–दमदमे–सिदाने–पञ्चासे, कास्कीकोट–बनपाले–गुण्टेचौर–पँदेली कृषि सडक, लामाचौर–माछापुछ्रे, लामगादी–पुँडीटार सडकलगायत बहुवर्षीय योजना सम्पन्न गरिने जनाइएको छ ।

सहरी सौन्दर्य बिगार्ने सवारी साधनका वर्कसपलाई एकै स्थानमा व्यवस्थित गर्न 'अटो भिलेज'को स्थापनार्थ रु ५० लाख बजेट विनियोजन गरिएको छ । पोखरा चक्रपथको सम्भाव्यता अध्ययन अघि बढाउन रु एक करोड ५० बजेट छुट्टाइएको छ । स्थानीय फिर्के खोलाको अतिक्रमण हटाई करिडोर निर्माणका लागि रु एक करोड ५० लाख विनियोजन गरिएको छ। वडा कार्यालयबाट प्राथमिकतापूर्वक छनोट भई पेश भएका सडक योजनाका लागि रु ४९ करोड ९२ लाख विनियोजन गरिएको उपप्रमुख गुरुङले बताउनुभयो । हाँडीखोला, खइतेखोला,खहरेखोला,खुदीखोला, ठूलीमजुवा, फिर्के खोला, सुरौदी खोलालगायतपुलरकल्भर्टनिर्माणमा रु १६ करोड ५० लाख बजेट विनियोजन गरिएको छ ।

'एक घर, एक धारा' खानेपानी आयोजनाअन्तर्गत सराङकोट, थाक, निर्मलपोखरी, भरतपोखरी, चैनपुरलगायत क्षेत्रमा खानेपानी आयोजनाका लागि रु १० करोड विनियोजन गरिएको छ । 'हाम्री बनाउँछौँ, हाम्रो महानगर' अन्तर्गत स्थानीय उपभोक्ता र महानगरपालिकाको ५०/५० प्रतिशत साझेदारीमा पूर्वाधार आयोजना सञ्चालनका लागि रु पाँच करोड छुट्टाइएको छ । छिमेकी स्थानीय तहसँग आवश्यकताका आधारमा साझेदारी आयोजना सञ्चालनका लागि रु एक करोड ५० लाख बजेट विनियोजन गरिएको छ ।

फेवा, बेगनासलगायत पोखराका सबै तालको संरक्षण तथा अतिक्रमण नियन्त्रण गरिने बजेटमा उल्लेख छ । फेवातालको सुन्दरतासँगै पर्यटकीय गतिविधि बढाउन 'फेवाफेरो पदमार्ग' निर्माणका लागि रु ४० लाख बजेट विनियोजन गरिएको छ । पोखरा बहुउद्देश्यीयभवन,नयाँविमास्थलबाट लेकसाइड जोड्ने फास्ट ट्र्याक, फेवा–बेगनास कनेक्टिभिटी सडक, पोखरा बसपार्क, बिन्ध्यवासिनी बसपार्क, कोमागाने पार्क, बेगनास बराहक्षेत्र परियोजना, पञ्चासे विकास परियोजना, ड्याम्साइड पर्यटन पार्कलगायत महानगर गौरवका आयोजनाहरूलाई बजेटमा प्राथमिकता दिइएको छ ।

विकास आयोजनामा हुने लगानीलाई दिगो बनाउन आगामी वर्ष पोखरा महानगरपालिकाको विकास गुरुयोजना तयार पारिने बजेटमा उल्लेख छ । हरित, उत्थानशील र दिगो पूर्वाधार विकाससँगै बजेटमा पर्यटन प्रवर्द्धन, वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन, समावेश, सन्तुलित र समतामूलक विकास, संस्थागत विकास, सुशासन प्रवर्द्धन, गुणस्तरीय सेवा प्रवाह, स्वरोजगार, उद्यमशीलता र व्यवसायिक कृषि प्रणालीमा जोड दिइएको छ । गुणस्तरीय, जवाफदेही र प्रतिस्पर्धी मानवस्रोत विकास तथा गुणस्तरीय शिक्षा र आधार भूत स्वास्थ्य सेवाको विकास र व्यवस्थापन बजेटको प्राथमिकतामा परेका छन् । आर्थिक विकासतर्फ व्यावसायिक कृषि, कृषिको यान्त्रिकीकरण, सिँचाइ सुविधाको विस्तार, रुग्ण उद्यम, व्यवसायको पुनःउत्थानलगायतका कार्यक्रम बजेटमा समावेश छन् ।

'एक सहकारी, एक उत्पादन कार्यक्रम'लाई निरन्तरता दिन रु ५५ लाख, व्यवसाय प्रवर्द्धन तथा विकास, रोजगार मेला, युवा उद्यमशीलता विकास कार्यक्रम आदिका लागि रु दुई करोड, छाडा पशुपन्छी व्यवस्थापन, पशुपन्छीको उपचार, पशु स्वास्थ्य शिविरलगायतमा गरी रु दुई करोड ५० लाख विनियोजन गरिएको छ । शिक्षातर्फ विद्यार्थीलाई दिवा खाजाको रकम वृद्धिदेखि छात्रालाई निःशुल्क सेनेटरी प्याड वितरणसम्मका कार्यक्रम बजेटमा समावेश छ । सङ्घ सरकारले तल्लो तहका विद्यार्थीलाई खाजाबापत दैनिक दिँदै आएको रु १५ मा महानगरले रु १० थपी रु २५ पुऱ्याइने भएको छ । विद्यार्थीको दिवा खाजा र प्रधानाध्यापकको प्रोत्साहन कार्यक्रमका लागि रु चार करोड ६५ लाख विनियोजन गरिएको छ । गण्डकी बहुप्राविधिक शिक्षालयको पूर्वाधार विकास र शैक्षिक कार्यक्रम सञ्चालनका लागि रु तीन करोड ३३ लाख बजेट छुट्याइएको छ । खेलकुद पूर्वाधार र प्रवर्द्धनमा रु एक करोड २५ लाख विनियोजन गरिएको छ । कक्षा ६ देखि १२ सम्मका छात्रका लागि निःशुल्क सेनेटरी प्याड उपलब्ध गराउन रु एक करोड ६३ लाख विनियोजन गरिएको छ । महानगरमा स्रोत शिक्षा, खेलकुद, युवा र प्राज्ञ प्रतिष्ठानसम्बन्धी कार्यक्रमका लागि रु १८ करोड बजेट छुट्टाइएको छ । महानगरअन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले . १६ करोड ५० लाख विनियोजन गरिएको छ । महिला स्वास्थ्य स्वयंसेविकाको स्वास्थ्य बीमाका लागि रु एक करोड बजेट विनियोजन गरिएको छ । स्वास्थ्यतर्फ रु ३५ करोड ५६ लाख बजेट छुट्टाइएको छ ।

सहरी गरिबी निवाकरण कार्यक्रमका लागि रु १४ करोड बजेट विनियोजन गरिएको छ । महानगरले पूर्वाधारतर्फ रु दुई अर्ब, पर्यटन सहरी विकास तथा वातावरणतर्फ रु ७० करोड, आर्थिक विकासतर्फ रु. १० करोड, सामाजिक विकासमा रु ६ करोड ५० लाख, नगर कार्यपालिकाको कार्यालयतर्फ रु ८१ करोड २२ लाख, वडा कार्यालयतर्फ रु ७२ करोड ६० लाख, विभिन्न कोषहरूमा रु १४ करोड, संघीय सशर्त अनुदानतर्फ रु दुई अर्ब २३ करोड ६२ लाख, प्रदेश सशर्त अनुदानतर्फ रु ८० लाख र सहरी विकास आयोजनामा रु आठ करोड ४० लाख ९१ हजार विनियोजन गरेको छ ।

स्रोततर्फ सङ्घीय सरकार अनुदानबाट रु दुई अर्ब ७६ करोड ३२ लाख, प्रदेश सरकार अनुदानबाट रु १० करोड २३ लाख ६२ हजार, आन्तरिक आयबाट रु दुई अर्ब २७ करोड ८७ लाख खर्च व्यहोरिने उपप्रमुख गुरुङले जानकारी दिनुभयो । सङ्घीय राजस्व बाँडफाँटबाट ३६ करोड ६२ लाख, प्रदेश राजस्व बाँडफाँटबाट आठ करोड २५ लाख, स्थानीय राजस्व बाँडफाँटबाट रु एक अर्ब एक करोड ७५ लाख स्रोत व्यवस्थापन गरिने भएको छ । यस्तै सङ्घीय सरकार सहरी विकास आयोजनाबाट रु आठ करोड ४० लाख ९१ हजार, प्राप्त हुने अनुमान गरिएको छ । न्यून हुन जाने रु ४५ करोड ६८ लाख ६५ हजार चालु आवको अन्त्यमा बचत हुने मौज्दात रकमबाट व्यहोरिने जनाइएको छ ।

आन्तरिक राजस्व सङ्कलन न्यून हुनु, अर्थतन्त्रमा देखिएको सङ्कट इत्यादि कारणले चालु आवको तुलनामा आगामी आवको बजेटको आकार घटेको हो । चालु आवमा रु आठ अर्ब ९९ करोड दुई लाख २ ९ हजारको बजेट ल्याइएको थियो । बजेटमा उचित नदेखिएका कतिपय पुराना कार्यक्रमलाई हटाइएको र केही नयाँ कार्यक्रम थप गरिएको छ ।

# घरेलुचौरमा वृक्षारोपण

पोखरापत्र संवाददाता

पोखरा, ११ असार

पोखरा २७ को लेखनाथ क्लबले संरक्षण गर्दै आएको घरेलुचौर खेलमैदान वरपर विभिन्न जातका विरुवा लगाईएको छ ।

क्लबले वर्षौ देखि संरक्षण गर्दै खेलमैदानको स्तरउन्नती गर्दै आएकोमा पछिल्लो समय उत्त ठाउमा वातावरण सन्तुलन देखि खेल मैदानमा सितलता कायम राख्ने गरि शिरिस र कपुरका विरुवा लगाईएको हो । पूर्व न्यायधिस वासुदेव न्यौपानेले विरुवा रोपेर सुरु भएको कार्यक्रममा लेखनाथ उद्योग बाणिज्य संघका प्रथम उपाध्यक्ष राजेन्द्र ओझा, कार्यसमितिका सदस्य ध्रुव बाबु भटराई, क्लबका अध्यक्ष बालगोपाल श्रेष्ठ र क्लबका सचिव सन्तोष सापकोटा लगाएतले विरुवा रोप्नु मात्र ठुलो कुरा नभई लगाएका विरुवाको उचित रुपले संरक्षण गर्नु पर्नेमा जोड दिएका थिए ।

# गण्डकी र लुम्बिनी प्रदेशमा भारी वर्षाको सम्भावना

रासस

काठमाडौं, ११ असार

हाल देशमा मनसुनी वायुको प्रभाव रहेको छ । जसका कारण देशका अधिकांश क्षेत्रमा वर्षा भइरहेको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाका मौसमविद् बिनु महर्जनका अनुसार मनसुन देशैभरि फैलिएको छ । अहिले कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका केही स्थानहरुमा र बाँकी भू–भागका थोरै स्थानहरुमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा भइरहेको छ । गण्डकी र लुम्बिनी प्रदेशको एक–दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको छ । मधेस प्रदेशका केही तथा कोशी र बागमती प्रदेशका तराईका थोरै स्थानहरुमा हावाहुरीको समेत सम्भावना रहेको छ । मङ्गलबार पनि देशभर आंशिकदेखि सामान्य बदली रही, कोशी, बागमती, गण्डकी र कर्णाली प्रदेशका केही स्थानहरुमा तथा बाँकी प्रदेशका थोरै स्थानहरुमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । कोशी र बागमती प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं १४ स्थित आनन्द टोल क्रियापुत्री भवन तटबन्धन र धारा मर्मत कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम : आनन्द टोल क्रियापुत्री भवन तटबन्धन र धारा मर्मत**

**ठेगानाः पोखरा–१४, कास्की**

**योजना सम्झौता मिति : २०८०/०१/०३ गते**

**योजना सुरु हुने मिति : २०८०/०२/०५ गते**

**योजना सम्पन्न मिति : २०८०/०२/३० गते**

**योजनाको कुल लागत : रु.६,६६,७७७/–**

**महानगरपालिकाबाट प्राप्त हुने रकम : ६,००,०००/–**

**उपभोक्ता समितिबाट : रु.६६,७७७/–**

**उपभोक्ता समिति अध्यक्षः शिव कुमार श्रेष्ठ, उपाध्यक्षः दिपेन्द्र विष्ट, सचिवः जेनिता राई, कोषाध्यक्षः रुपा गुरुङ सदस्यः नुनमाया महर्जन अनुगमन समितिः धन बहादुर गुरुङ, सदस्यः शिला थापा, सदस्यः विष्णु अधिकारी**

**आनन्द टोल क्रियापुत्री भवन तटबन्धन र धारा मर्मत उपभोक्ता समिति पोखरा–१४, कास्की**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं ३३ गैरागाउँ स्थित जेष्ठ नागरिक दिवा सेवा केन्द्र भवन निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम : जेष्ठ नागरिक दिवा सेवा केन्द्र भवन निर्माण**

**ठेगानाः पोखरा–३३, गैरागाँउ, कास्की**

**योजना सम्झौता मिति : २०७९/१२/०३ गते**

**योजना सुरु मितिः २०७९/१२/०४ गते**

**योजना सम्पन्न मिति : २०८०/०३/११ गते**

**योजनाको कुल लागत : रु.२०,०००,००/–**

**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.२०,०००,००/–**

**उपभोक्ता समिति अध्यक्षः ऋतुनाथ आचार्य**

**सम्पर्क नं. : ९८४६२८०३०४**

**उपभोक्ता समिति सदस्य १२ जना महिला सदस्यः ३ जना**

**अनुगमन समिति संयोजकः प्रकाश कार्की वडा सदस्य**

**जेष्ठ नागरिक दिवा सेवा केन्द्र भवन निर्माण उपभोक्ता समिति पोखरा–३३, गैरागाँउ**



## शिक्षक आवश्यकता

यस विद्यालयमा संचालित प्राविधिक तथा व्यावसायिक धार बाली विज्ञान विषय अन्तर्गत माध्यमिक तह (कक्षा ९–१२)को अनुदान कोटामा रिक्त सहायक प्रशिक्षक पदमा करारमा नियुक्ति गर्न शिक्षा महाशाखा, पोखरा महानगरपालिका, कास्कीको मिति २०८०/०३/११ को चलानी नं. १०१० मा प्राप्त अनुमति अनुसार निम्नलिखित पद परिपूर्तिका लागि सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र १८ वर्ष पुरा भई ४० वर्ष ननाघेका योग्यता पुगेका इन्छुक नेपाली नागरिकहरुबाट रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | विषय | श्रेणी | संख्या | प्रकार |
|---|---|---|---|---|---|---|---|
| १ | ०८/०७९/८० | सहायक प्रशिक्षक | नि.मा.वि. कक्षा (९–१०) | कृषि (बाली विज्ञान) | तृतीय | १ | अस्थायी करार |

१, शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषयमा कम्तिमा बी.एस्सी.एजी उत्तीर्ण गरेको हुनुपर्ने ।

२, छनौटका आधारहरुः लिखित परीक्षा, कक्षा अवलोकन तथा अन्तर्वार्ता ।

३, उम्मेदवारले दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः
निवेदन, न्यूनतम शैक्षिक योग्यताको साथै माथिल्लो तहको योग्यता भएमा सो प्रमाणपत्रको छाँयाप्रति, नागरिकताको प्रमाणपत्रको छायाप्रति ।

४, दरखास्त दस्तुरः रु १५००/– तिरेको सक्कल रसिद ।

५, दरखास्त बुझाउने अन्तिम मिति तथा सम्पर्क मितिः २०८० आषाढ २५ गते कार्यालय समयभित्र ।

६, तलब स्केलः नेपाल सरकारको नियमानुसार ।

७, परीक्षा सम्बन्धी जानकारी सम्पर्क मितिमा गराइनेछ ।
विस्तृत जानकारीको लागि विद्यालय प्रशासन वा फोन नं. ९८४६६०३११० मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**श्री महेन्द्र माध्यमिक विद्यालय**

**पोखरा–२० भलाम, कास्की फोन नं. ०६१–६२१५६५**

# दुई हजार पशुलाई 'लम्पी स्किन'विरुद्ध खोप दिइयो

पोखरापत्र संवाददाता
वालिङ, ११ असार

स्याङ्जाको वालिङ नगरपालिकाले दुई हजार पशुलाई लम्पी स्किनविरुद्ध खोप लगाइदिएको छ । नगरभित्रका विभिन्न वडामा लम्पी स्किनबाट सङ्क्रमित पशुको सङ्ख्या बढ्दै गएपछि नगरपालिकाले खोप खरिद गरी निःशुल्क लगाइदिएको हो ।

पशुमा सङ्क्रमण बढ्दै गएपछि रोकथाम तथा नियन्त्रण गर्न पालिका आँफैले खोप खरिद गरेर सम्भावित जोखिमका क्षेत्रमा रहेका पशुलाई निःशुल्क खोप लगाएको पशु सेवा शाखा कार्यालयका प्रमुख लेखनाथ अर्यालले बताउनुभयो ।

नगरपालिकामा एकसय ५० भन्दा बढी पशुमा यो रोग देखा परेको छ । "गाईभैंसीमा लम्पी स्किन रोगको लक्षण पुष्टि भएपछि अन्य पशुमा सर्न नदिन पहिलो चरणमा व्यावसायिक फर्म तथा अन्य ठाउँका पशुलाई दुई हजार खोप खरिद गरी लगाएका हौँ" उहाँले भन्नुभयो, "जहाँ जहाँ सङ्क्रमित पशुको सङ्ख्या धेरै छ ती ठाउँमा निःशुल्क खोप लगाएका छौं, सङ्क्रमणको अवस्था हेरेर खोप अभियान चलाउने नचलाउने निर्णय गर्छौं।" व्यावसायिक फर्म तथा घर-घरमा पालिएका सङ्क्रमित नभइसकेका पशुमा निरन्तर खोप लगाइएको छ। नगरभित्र हाल १२ हजार ९९ गाईभैंसी र गोरु छन् । फागुनको अन्तिम साताखेखि देखिएको यो सङ्क्रमणबाट सुरुकै अवस्थामा १० वटा पशु मरेका थिए । नगरपालिकाले यो रोग रोकथाम तथा नियन्त्रण गर्न स्थानीय रेडियो तथा पत्रपत्रिकाका साथै सामाजिक सञ्जाल प्रयोग गरी जनचेतनामूलक सन्देश प्रशारण तथा प्रकाशन गरेको छ ।"यो रोग एक प्रकारको पक्स समूहको काप्रीपक्स भाइरसबाट गाईभैंसीमा लाग्ने रोग हो" प्रमुख अर्यालले भन्नुभयो, "यो रोग भैंसीभन्दा पनि बढी गाईगोरुमा लाग्ने गर्दछ ।" लम्पी स्किन रोग लागेका पशुले कचेरा निकाल्ने, सिगान बग्ने तथा फिँज निकाल्ने, शरीरका विभिन्न भाग विशेष गरी घाँटी, पछाडिको खुट्टा, पेट, कल्चौडामा गिर्खा देखिन्छ । पशुमा एक सय चार फरेनहाइट भन्दामाथि उच्च ज्वरो आउने, दूध उत्पादन घट्ने, गर्भ तुहिने तथा बाँझोपना हुने लक्षण लम्पीस्किनका हुन् । "यो रोग लामखुट्टे, झिँगा र किर्नाको टोकाइबाट पनि एकबाट अर्कोमा सर्न सक्छ" उहाँले भन्नुभयो, "सङ्क्रमित गाईभैंसीको ओसारपसार, लसपस तथा सङ्क्रमित गाईभैंसी र स्वस्थ गाईभैंसीलाई उपचारको क्रममा एउटै सुई प्रयोगबाट पनि सर्न सक्ने भएकाले विशेष सावधानी अपनाउनुपर्छ ।" यो रोगको ठोस् उपचार नभएकाले खोपलाई नै विकल्पकोरुपमा प्रयोग गर्नुपर्ने प्रमुख अर्यालले बताउनुभयो । बिरामी पशुलाई अरु पशुबाट अलग्गै राख्ने, गोठ र मलखादबीचको दूरी बढाउनुपर्ने, भुसुना, किर्ना, डाँस, लामखुट्टेलगायत परजीवी नियन्त्रण गर्नुपर्ने, गोठ वरिपरिको सरसफाइमा ध्यान दिनुपर्ने, काँचो छाला तथा सङ्क्रमित पशुको ओसारपसारमा रोक लगाउनुपर्नेमा उहाँले जानकारी गराउनुभयो । पशु सङ्क्रमित हुने दर बढेपनि यसको मृत्युदर भने पछिल्लो समय घट्दै गएको छ।

# बागलुङका स्थानीय तहले ल्याए पाँच अर्ब ९६ करोडको बजेट

पोखरापत्र संवाददाता
बागलुङ, ११ असार

बागलुङका सबै स्थानीय तहले नीति तथा कार्यक्रम र बजेट ल्याएका छन् । बागलुङका चार नगरपालिका र छ गाउँपालिकाले रू पाँच अर्ब ९६ करोड ७७ लाख १७ हजार छ सयको बजेट ल्याएका हुन् ।

आर्थिक वर्ष २०८०/८१ का लागि सङ्घीय सरकार, प्रदेश सरकारको अनुदान र आन्तरिक आयका आधारमा बजेट पेस गरिएको छ । बागलुङ नगरपालिकाले रू एक अर्ब ३३ करोडको बजेट ल्याएको छ । नगरपालिकाको १३औँ नगरसभा समक्ष नगर उपप्रमुख राजु खड्काले नगरपालिका सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान, राजस्व बाँडफाँट, सर्शत र समपुरक शीर्षकमा प्राप्त अनुदान, गण्डकी प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र नगरपालिकाको आन्तरिक आयको आधारमा बजेट प्रस्तुत गर्नुभएको थियो । गलकोट नगरपालिकाले आगामी आर्थिक वर्षका लागि रू ६८ करोड १२ लाख १८ हजार बजेट ल्याएको छ । नगरपालिकाका नगर उपप्रमुख फमलाल निउरेले वित्तीय समानीकरण अनुदानबाट रू ११ करोड ३८ लाख, राजस्व बाँडफाँटबाट रू १० करोड ९५ लाख, सशर्त अनुदानबाट रू ३६ करोड १० लाख, विशेष अनुदानबाट रु एक करोड ५० लाखसहितको बजेट पेस गर्नुभयो । त्यस्तै जैमिनी नगरपालिकाले आगामी आर्थिक वर्षका लागि रू ७२ करोड चार लाख ६८ हजार बजेट सार्वजनिक गरेको छ । नगर उपप्रमुख हरिहर शर्माले रू ७२ करोड चार लाख ६८ हजार सात सयको बजेट प्रस्तुत गर्नुभएको हो। त्यसैगरी, ढोरपाटन नगरपालिकाले रू ५५ करोड २४ लाखको बजेट प्रस्ताव गरेको छ। नगर उपप्रमुख धनबहादुर कायतले नगर सभासमक्ष, आन्तरिक आम्दानी, सङ्घीय सरकार र प्रदेश सरकारको अनुदानका आधारमा रू ५५ करोड २४ लाखको बजेट नगरसभासमक्ष पेस गरेको बताउनुभयो । त्यस्तै बागलुङको तमानखोला गाउँपालिकाले रू ३० करोड ३८ लाख ४९ हजार बजेट ल्याएको छ । तमानखोला गाउँपालिकाको चालु खर्च रू चार करोड ४० लाख, सङ्घीय सशर्त अनुदान रू ११ करोड ७५ लाख, समपुरक अनुदान रु ७० लाख, सङ्घीय विशेष अनुदान रू ९० लाखका आधारमा बजेट तयार गरिएको हो । बागलुङको काठेखोला गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि रू ५६ करोड १२ लाख ३४ हजारको बजेट ल्याएको छ । गाउँसभामा उपाध्यक्ष तेजबहादुर थापा तिलकले बजेट प्रस्तुत गर्नुभएको थियो।

बडिगाड गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि रू ६७ करोड १९ लाख ६४ हजार बराबरको बजेट तथा कार्यक्रम ल्याएको छ। गाउँसभामा आर्थिक वर्ष २०८०/८१ को लागि गाउँपालिका उपाध्यक्ष भीमसेन बनेले प्रस्तुत गरेको बजेट पारित भएको हो । त्यस्तै ताराखोला गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि रू ३६ करोड ६७ लाख ९३ हजार बजेट पेस गरेको छ । गाउँपालिका उपाध्यक्ष भीमबहादुर रोकाले आन्तरिक आम्दानी, सङ्घीय सरकारको विभिन्न शीर्षक अन्तर्गतको अनुदान र गण्डकी प्रदेशको विभिन्न शीर्षकको अनुदान अन्तरगत आगामी आर्थिक वर्ष २०८०/८१ का लागि रू ३६ करोड ६७ लाख बजेट गाउँसभा समक्ष पेस गर्नुभएको छ।

यस्तै बरेङ गाउँपालिकाले रू ३१ करोड २९ लाख ८१ हजारको बजेट ल्याएको छ । गाउँपालिका उपाध्यक्ष दिलीपकुमार पुनले गाउँसभामा आर्थिक वर्ष २०८०/८१ का लागि उक्त बजेट प्रस्तुत गर्नुभएको छ । जिल्लाको निसीखोला गाउँपालिकाले रू ४६ करोड ४६ लाख ८० हजारको बजेट प्रस्तुत गरेको छ। आइतबार आयोजित गाउँसभामा गाउँपालिका उपाध्यक्ष प्रेमबहादुर घर्तीमगरले सङ्घीय अनुदान, प्रदेश अनुदान र आन्तरिक आयका आधारमा उक्त बजेट पेस गर्नुभएको हो । गाउँपालिकाले सामाजिक विकासमा २० प्रतिशत, पूर्वाधारमा ३५ प्रतिशत, आर्थिक विकासमा २० प्रतिशत, सुशासन र वनमा १०/१० प्रतिशत बजेट बाँडफाँट गरेर सभामा पेस गरेको हो।

# रोट्र्याक्ट क्लब अफ हेमजाद्वारा वडालाई ध्यानाकर्षण

पोखरापत्र संवाददाता
पोखरा, ११ असार

हेमजामा सडक दुर्घटनाले क्षेती भएको प्रति रोट्र्याक्ट क्लब अफ हेमजाद्वारा वडालाई ध्यानाकर्षण पत्र बुझाएको छ।

रोट्र्याक्ट क्लब अफ हेमजाका अध्यक्ष इ बिकल थापाको नेतृत्वमा उपाध्यक्ष विश्वराज पौडेल, सचिव अनिल पौडेल, अन्तर्राष्ट्रिय सेवा निर्देशक श्रृखला त्रिपाठी सदस्य बिमल बाँस्तोला र शोभित पौडेल सहितको टोलीले सोमबार वडा कार्यालयमा वडा अध्यक्ष मोतीलाल तिमिल्सिनालाई ध्यानाकर्षण पत्र बुझाएको हो । रोट्र्याक्ट क्लब अफ हेमजाको ध्यानाकर्षण पत्र बुझेपछि वडा अध्यक्ष तिमिल्सिनाले दुर्घटना न्यूनीकरण गर्न सम्बन्धित निकाय संग छलफल गरि सहकार्य गर्ने बताउनुभयो ।

दुर्घटना सम्बन्धि ध्यानाकर्षण गराएकोमा क्लबलाई धन्यवाद दिदै दुर्घटनाको कारण आफू पनि दुखि भएको तिमिल्सिनाले बताउनुभयो । ध्यानाकर्षण पत्रमा सडक दुर्घटना न्यूनीकरण गर्न सामुदायिक तथा निजी बिद्यालयमा जिल्ला ट्राफिक कार्यालय संग सहकार्य गरि सचेतना जगाउने, सडकमा छाडा चौपाया तथा कुकुरको नियन्त्रण गर्ने उल्लेख छ । त्यस्तै नियमित रुपमा सवारी चालकलाई ट्राफिकद्वारा चेक गराउने तथा फुटपाथमा निर्माण सामाग्री राख्न प्रतिबन्ध गर्न ध्यानाकर्षण गराएको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं १९ पुरुन्चौर स्थित कृषि क्याम्पस पार्क निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम : कृषि क्याम्पस पार्क निर्माण**
**ठेगाना: पोखरा-१९ पुरुन्चौर, कास्की**
**योजना सम्झौता मिति : २०८०/०२/०१ गते**
**योजना सम्पन्न मिति : २०८०/०३/०१ गते**
**योजनाको कुल लागत : रु. २५,००,०००/-**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : २५,००,०००/-**
**उपभोक्ता समिति अध्यक्षः दिपक बहादुर पौडेल**
**सम्पर्क नं: ९८५६०२७२२७, ९८५६०२१४४७**
**सदस्य संख्या: ११ जना महिला सदस्य: ३, पुरुष सदस्य: ८ जना**

**कृषि क्याम्पस पार्क निर्माण उपभोक्ता समिति**
**पोखरा-१९, पुरुन्चोर, कास्की**


# विराटशिला शालिग्राममा आउने तीर्थालु घट्दै

पोखरापत्र संवाददाता
स्याङ्जा, ११ असार

ऐतिहासिक तथा धार्मिक महत्व बोकेको विश्व विराटशिला शालिग्राम हिन्दूहरुको आस्थाको केन्द्रका रुपमा परिचित छ । स्याङ्जा, पर्वत र गुल्मीको सङ्गमस्थल सेतीवेणीस्थित विराट शालिग्रामलाई हिन्दू धर्मावलम्बीले विष्णुको अवतारका रुपमा पूजा एवं दर्शन गर्दै आएका छन् ।

गण्डकी प्रदेश र लुम्बिनी प्रदेशको सिमानामा पर्ने शिला शालिग्रामको पूजा एवं दर्शन गर्न कुनै समय भीड लाग्ने गर्दथ्यो पाँच/सातवर्ष पहिले स्याङ्जा, पर्वत, गुल्मी, बागलुङ, पाल्पा, कास्की, तनहुँ, म्याग्दी, चितवन, नवलपरासी, अर्घाखाँची र भारतबाट आउने तीर्थालुले सेतीवेणी बजार भरिभराउ हुन्थ्यो। उचित संरक्षणको अभावमा शिला शालिग्राम पुन समस्या भएकाले हिजोआज पूजा र दर्शनका लागि आउने तीर्थालुको सङ्ख्यामा गिरावट आएको छ । परिक्रमास्थल बाढीले बगाएपछि तीर्थालुले शिला शालिग्राम दाहिनेबर्ता गर्न पाएका छैनन् । वारिपारी कालीगण्डकी लोकमार्ग र करिडोर निर्माणको क्रममा ढुङ्गा र माटो नदीमा खसेर थुपारिँदा पानीको सतहमाथि आएकाले तीर्थालुलाई स्नान गर्न र शिला शालिग्रामसम्म जानआउन समस्या हुँदै आएको हो ।

यता पर्वतबाट बग्दै आएको सेती खोलाले धार परिवर्तन गर्दा पनि शिला शालिग्राम जोखिममा पर्दै आएको छ । बर्खायाममा भने शिला शालिग्राम पूरै डुबानमा पर्छ । पछिल्लो समय सरोकारवालाको ध्यान शिला शालिग्राम संरक्षणतर्फ नजाँदा यसको अस्तित्व लोप हुँदै गएको स्थानीयवासी बताउँछन् ।

कुनै समय दैनिक हजारौँको सङ्ख्यामा शिला शालिग्रामको पूजा एवं दर्शनका लागि आउने तीर्थयात्री हिजोआज घट्न थालेको स्थानीय प्रेम अर्यालको भनाइ छ।

पूजा सामग्री व्यापार ासमेत रहनुभएका उहाँ करिब पाँच वर्ष पहिले बाढीले बगाएको शिला परिक्रमास्थल हालसम्म पनि निर्माण हुन नसक्दा समस्या भएको गुनासो गर्नुहुन्छ । "हामी कालीगण्डकी जलविद्युत् परियोजना 'ए' पीडित क्षेत्रअन्तर्गत पर्दछौं, परियोजनाले कालीगण्डकी नदीमा थुपारिएको माटो फाल्ने काम गरेको छैन", व्यापारी अर्याल भन्नुहुन्छ, "पीडित क्षेत्रले पाउने सुविधाबाट पनि हामी वञ्चित हुँदै आएका छौँ" गल्याङ नगरपालिकाका प्रमुख गुरुप्रसाद भट्टराई शिला शालिग्रामलाई राष्ट्रिय सम्पदाको सूचीमा राखेर संरक्षण र प्रवर्द्धन गर्न सङ्घ तथा प्रदेश सरकारसँग माग गरिने जानकारी दिनुहुन्छ । कालीगण्डकी नदीमा थुपारिएको माटो सफा गर्न कालीगण्डकी जलविद्युत् परियोजना 'ए' र सडक विभागलाई आग्रह गरिने उहाँको भनाइ छ । "निर्वाहमुखी बजेटले मात्र शिला शालिग्रामको संरक्षण हुन सकेको छैन।

नगर प्रमुख भट्टराई भन्नुहन्छ, "वृहत योजना सहितको बजेटले मात्र शालिग्रामको संरक्षण र विकास सम्भव छ ।" शालिग्राम विद्याश्रम सेतीवेणीका प्रमुख कुलशेखर तिवारी कालीगण्डकी नदी र मुक्ति क्षेत्रमा मात्र शालिग्राम शिला पाइने स्थानका रूपमा प्रख्यात रहेको उल्लेख गर्नुहुन्छ । शिला शालिग्रामको पूजा गरेमा मनका सबै इच्छा पूरा हुने धार्मिक विश्वास रहेको उहाँको भनाइ छ।

प्रमुख तिवारी भन्नुहुन्छ, "कात्तिके ठूला एकादशी, मकर सङ्क्रान्ति, नयाँ वर्ष, असारे ठूला एकादशीमा सेतीवेणीमा शिला शालिग्रामको पूजा एवं दर्शन गर्न लाखौँ भक्तजनको भीड लाग्ने गर्दछ ।" कालीगण्डी जलविद्युत् परियोजना 'ए' निर्माण पश्चात् बनेको जलाशयमा चार किलोमिटर मिर्मी सेतीवेणी 'इञ्जिन जडित डुङ्गा' स्टिमर सञ्चालन भएपछि शिला शालिग्राम शैक्षिक भ्रमणका लागि समेत गन्तव्य बन्दै आएको शालिग्राम माध्यामिक विद्यालयका शिक्षक टेकबहादुर क्षेत्री बताउनुहुन्छ।

सेतीवेणीमा चक्रदेवी, बसाहा, दुर्गा मन्दिर, शिवालय मन्दिर, सीताराम मन्दिरसमेत छ । यद्यपि शिला शालिग्रामलाई भने तीर्थालुले विशेष महत्वका साथ लिन्छन् । पवित्र तीर्थस्थलका रुपमा परिचित सेतीवेणीको विकास नहुँदा व्यापारीसमेत दिन प्रतिदिन पलायन हुँदै गएका छन् ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं ४ स्थित सिद्धार्थचोकको पराजुली पथको सडक मर्मत तथा स्तरोन्नती कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम : सिद्धार्थचोकको पराजुली पथको सडक मर्मत तथा स्तरोन्नती**
**ठेगाना: पोखरा-४, कास्की**
**योजना सुरु हुने मिति : २०८०/०१/२० गते**
**योजना सम्पन्न हुने मिति : २०८०/०२/३२ गते**
**योजना सम्पन्न भएको मिति : २०८०/०३/०८ गते**
**योजनाको कुल लागत : रु. ५,९०,०५७.०८/-**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : ५,००,०००/-**
**जनश्रमदानबाट : रु. ९०,०५७.०८/-**
**उपभोक्ता समिति अध्यक्षः मंगल प्रसाद माकाजु**
**(मो. ९८४६१९७५७८)**
**जम्मा सदस्य संख्या: ९ जना महिला सदस्य: ३ जना**

**सिद्धार्थचोकको पराजुली पथको सडक मर्मत तथा स्तरोन्नती उपभोक्ता समिति पोखरा-४, कास्की**



## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. ११ काहुँमा नवषड्कोण सांस्कृतिक परिवार खेल मैदान निमार्ण गर्नका लागि निम्न अनुसार को आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

**योजनाको नामः** नवषड्कोण सांस्कृतिक परिवार खेल मैदान निमार्ण
**उपभोक्ता समितिको नामः** नवषड्कोण साँस्कृतिक परिवार खेल मैदान निमार्ण उपभोक्ता समिति, पोखरा-११
**योजना सम्झौता मिति :** २०८०/०२/२५
**योजना सुरु मिति :** २०८०/०२/२६
**योजना सम्पन्न भएको मिति :** २०८०/०३/०८ गते
**कुल लागत रकमः** ८,३३,०००/-
**महानगरपालिका बाट** ७,५०,०००/-
**जनश्रमदान :** ८३,०००/-

**हेमन्त लामिछाने**
**तथा**
**नवषड्कोण सास्कृतिक परिवार खेल मैदान निमार्ण उपभोक्ता समिति,**
**पोखरा-११, कास्की**


# नियमित जाँच गरी सुत्केरी भएमा रु १० हजार प्रोत्साहन

पोखरापत्र संवाददाता
मनाङ, ११ असार

हिमाली जिल्ला मनाङको नासो गाउँपालिकाले स्वास्थ्य संस्थामा नियमित जाँच गरी सुत्केरी भएमा रु १० हजार प्रोत्साहन रकम दिने निर्णय गरेको छ।

स्वास्थ्य संस्थामा पुगेर नियमित स्वास्थ्य परीक्षण नगराइ सुत्केरी हुने प्रचलनलाई निरुत्साहित गर्न गाउँपालिकाले यो नीति लिएको हो ।

पालिका अध्यक्ष धनबहादुर गुरुङले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुतका क्रममा सो विषय सार्वजनिक गर्नुभएको हो। "स्वास्थ्य संस्थामा जाँच गराई शिशु जन्माउने सुत्केरीलाई रु १० हजार उपलब्ध गराइनेछ", उहाँले भन्नुभयो । क्यान्सर, मिर्गौलामा समस्या र अन्य जटिल रोगको उपचार गरेर आराम गरिहेका व्यक्तिलाई रु ३० हजार लिएर 'स्वास्थ्य भेट' कार्यक्रम सञ्चालन गर्ने नीति गाउँपालिकाले लिएको छ । आगामी आर्थिक वर्षमा उत्पादन र विकास निर्माणका क्षेत्रमा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने नीति पालिकाको छ । पूर्ण अपाङ्गता भएका र दलित घरपरिवारलाई निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम लागू गरिएको नीति तथा कार्यक्रममा उल्लेख छ । नासोले अहिले बढ्दै गइरहेको जलवायु परिवर्तनको असरमा पनि चासो देखाएको छ। "जलवायु परिवर्तन न्यूनीकरणका लागि हिमचितुवा तथा सांस्कृतिक परम्परा संरक्षण, वृक्षरोपण र जनचेतनामूलक कार्यक्रम गरिनेछ", नीति तथा कार्यक्रममा उल्लेख छ।

हिमाली जिल्लाका स्वास्थ्य संस्थामा अधिकांश औषधि पर्याप्त नहुने गुनासो बढिरहेकाले औषधि अभाव हुन नदिने नीति लिइएको नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ।

यसबाहेक वर्षमा कम्तीमा एकपटक बृहत् स्वास्थ्य शिविर सञ्चालन गरिने पनि बताइएको छ। ज्येष्ठ नागरिकलाई निःशुल्क औषधि वितरण, पोषण कार्यक्रम सञ्चालन गर्नेलगायत कार्यक्रम पालिकाले निर्धारण गरेको छ।

आगामी आर्थिक वर्ष सडक नपुगेका वडामा सडक विस्तार कार्यक्रमलाई प्राथमिकता दिइएको छ। लार्के पास पर्यटकीय पदमार्गको बृहत् गुरुयोजना निर्माण गरी पदमार्ग निर्माणलाई जोड दिइएको छ । अहिले अन्नपूर्ण चक्रीय पदमार्गको दूरी छोटिएका अवस्थामा यसलाई वैकल्पिक मार्गकारूपमा विकास गर्ने योजना पनि पालिकाले बनाएको छ ।